GS Spark: Journal of Applied Academic Discourse
Volume 01, Issue 01, 2023, Pg. 97-106
OPEN ACCESS

Review

# नेपाली मौलिकताको समाजवादमा केही अवसर र विरोधाभाष : एक नवमार्क्सवादी विश्लेषण

शान्त के.सी.
क्याम्पस प्रमुख, गौरीशङ्कर बहुमुखी क्याम्पस, भिमेश्वर–०३, चरिकोट, दोलखा, नेपाल

GS: SPARK: Journal of Applied Academic Discourse (ISSN: 3021-9329) Copyright © 2023 The Author(s): Gaurishankar Multiple Campus, Bhimeshwor-3, Charikot, Dolakha, Nepal. Distributed under the terms of the Creative Commons Attribution 4.0 International License (CC BY-NC 4.0)

**INFO**

**Corresponding Author**
Santa K.C.
Campus Chief,
Garurishankar Multiple Campus,
Dolakha, Nepal

**E-mail**
charikot.shantakc@gmail.com

**Orcid**
https://orcid.org/0009-0000-0687-687X

**Date of Submission**
June 18, 2023

**Date of Acceptance**
July 25, 2023

**ABSTRACT (लेखसार)**

समकालीन विश्वमा विकसित भएका नवमार्क्सवादी चिन्तनहरूको विश्लेषण गर्दै नेपाली समाजको विद्यमान चरित्र र अन्तरविरोधहरूको आधारमा नेपाली मौलिकतासहितको समाजवादको बाटो र स्वरूप विश्लेषण गर्नु प्रस्तुत लेखको मुख्य उद्देश्य रहको छ। मार्क्सवादी तथा नवमार्क्सवादी विचारहरू, समाजवादी आन्दोलनका विभिन्न अनुभवहरू, असल समाजवादी अभ्यासहरूका बारेमा प्रकाशित लेख, रचना तथा विभिन्न दस्तावेजहरूको अध्ययन गरी पुनारावलोकन विधि (Review method) र आलोचनात्मक अवधारणा (Critical Approach) मार्फत प्रस्तुत लेख तयार गरिएको छ । पुँजीवादले समय क्रममा शोषण र उत्पिडनका नयाँ तरिकाहरू अपनाई रहेकाले समाजवादी आन्दोलन शास्त्रीय मार्क्सवादी ढाँचाबाट मात्र अगि बढ्दा सफलता प्राप्त नहुने भएकोले नवउदारवादले सृजना गरेका विभेद र शोषणका रूपहरू समेत पहिचान गरी त्यसका विरूद्ध सङ्घर्ष गर्नुपर्ने कुरा नवमार्क्सवादी विचारकहरूले स्पष्ट पारेका छन् । नेपाली समाज अहिले लोकतान्त्रिक गणतन्त्रको चरणमा रहेको छ। नेपाली समाजवादी आन्दोलनको सामाजिक साँस्कृतिक अन्तरविरोध सामन्तवाद र आर्थिक अन्तरविरोध दलाल पुँजीवादसँग रहेको छ । लोकतान्त्रिक गणतन्त्र अर्न्तगत नै यस्ता अन्तरविरोधहरू हल गरी जनवादी व्यवस्थाको सुदृढीकरण मार्फत समाजवादी व्यवस्थाको चरणमा प्रवेश गर्न सकिन्छ । जनवादी व्यवस्थाको सुदृढीकरण समाजवादको सङ्क्रमणकालीन चरण हो, जहाँ समाजवादको लागि आवश्यक सम्पूर्ण वस्तुगत तयारी पूरा गर्नु पर्दछ । यसका लागि विद्यमान अन्तरविरोधहरूलाई उपयुक्त ढङ्गले हल गर्दै अगि बढ्नु पर्दछ।

**शब्दकुञ्जी (Keywords):** अन्तरविरोध, पुँजीवाद, नवउदारवाद, नवमार्क्सवाद, समाजवाद

**How to cite this article:** K.C., S., (2023). नेपाली मौलिकताको समाजवादमा केही अवसर र विरोधाभाष : एक नवमार्क्सवादी विश्लेषण. *GS Spark: Journal of Applied Academic Discourse.* 1(1), 87-106.
https://doi.org/10.5281/zenodo.8381838

## परिचय

कार्ल मार्क्सले व्याख्या गरेको समाज विकासका चरणहरूमा आदिम साम्यवादी युगको चरण, दास युगको चरण, सामन्ती युगको चरण, पुँजीवादी युगको चरण, समाजवादी युगको चरण र साम्यवादी युगको चरण हुन। कार्लमार्क्सले व्याख्या गरे अनुसार सामन्ती युग अन्त्यको चरणमा सामन्ती उत्पादन सम्बन्ध अन्त्य हुन पुगी पुँजीवादी उत्पादन सम्बन्ध स्वतस्फुर्त रूपमा स्थापित भएर समाज पुँजीवादी युगको चरणमा प्रवेश गर्दछ (Marx, 1867)। तर दक्षिणी विश्व (Global south) को समाज कार्लमार्क्सले व्याख्या गरेअनुसार सामन्ती चरणबाट पुँजीवादी चरणमा प्रवेश गरेन्। नव उदारवादको नेतृत्वमा विकसित र विस्तारित भूमण्डलीय प्रभाव र शोषणका कारण त्यस्तो समाजका उत्पादक शक्तिका हिमायती राजनीतिक शक्तिले घरेलु सामन्तवाद र बाह्य नवउदारवादका विरूद्ध सङ्घर्ष गर्नुपर्ने अवस्थाको सृजना हुन पुग्यो। यस्तो परिवेशमा सामन्तवादी शक्ति र नवउदारवादको हित रक्षा र संरक्षणमा पालित–पोषित र विकसित दलाल पुँजीपति शक्ति (राष्ट्रिय पुँजी निर्माणमा योगदान नगर्ने र पुँजीवादी देशले उत्पादन गरेका वस्तु र सेवा खरिद गरी  घरेलु उपभोक्तासँग दलाली मार्फत निरन्तर मुनाफा आर्जन गर्ने वर्गको हित रक्षा गर्ने शक्ति) सँग सङ्घर्ष गरी नयाँ जनवादी क्रान्ति गर्नुपर्ने आवश्यकता देखा पर्‍यो। तत्कालीन परिस्थितिमा पुँजीवादको स्वरूप र शोषणको रूप नवउदारवादी चरित्रको नभएकोले यस्तो क्रान्तिको आवश्यकता र औचित्यताको बारेमा मार्क्सवादले त्यस्तो समाजको विष्लेषण गरेको पाइँदैन तर नवमार्क्सवादी सिद्धान्तहरूले यस सम्बन्धमा गहिरो विश्लेषण गरेका छन्।

## समस्याको कथन

सामाजिक, साँस्कृतीक र राजनीतिक रूपले हुने शोषण र विभेदलाई एकाधिकार विश्वपुँजीवादको संरक्षणमा नव उदारवादले भुमण्डलीकरणको माध्यमबाट विश्वव्यापी रूपमा मलजल गरिरहेको छ। नवउदारवादले विश्वव्यापी रूपमा सृजना गरेको शोषण र विभेदका जडहरूलाई भत्काउँदै राष्ट्रिय विस्तारित अर्थतन्त्रको स्थापना गर्नु नेपाल लगायत दक्षिणी विश्व (Global south) को समाजवादी आन्दोलनको मुख्य कार्यभार हो।

कुनैपनि समाजको विशिष्टताका आधारमा समाजवादी क्रान्तिका आफ्नै प्रकारका अन्तरविरोधहरू हुने गर्दछन् । त्यस्ता अन्तरविरोधहरूलाई पहिचान गरी जति छिटो र प्रभावकारी ढङ्गले हल गर्‍यो त्यति छिटो विभेद र शोषण रहित समतामूलक समाजको निर्माणमार्फत समाजवाद सम्म पुग्न सकिन्छ। नेपाली समाजको ऐतिहासिक विकासक्रम, विद्यमान चरित्र र अन्तरविरोधहरूको विश्लेषणबाट नेपाली समाजवादको ढाँचा (Model) को विश्लेषण गरिनु पर्दछ।

## अध्ययनको उद्देश्य

नवउदारवादले सृजना गरेको शोषण र एकाधिकार पुँजीवादका विरूद्ध समकालीन विश्वमा विकसित नवमार्क्सवादी दृष्टिकोणहरूका आधारमा नेपाली समाजका विद्यमान अन्तरविरोधहरू साथै  त्यसको हल गर्ने तरिकाको विश्लेषण गरी नेपाली समाजवादी क्रान्तिको आगामी बाटो तथा  समाजवादको स्वरूपको विवेचना समेत प्रस्तुत गर्नु यस लेखको मुख्य उदेश्य हो।

## अध्ययन विधि

प्रस्तुत अध्ययन द्वितीय स्रोतमा आधारित अनुसन्धानमूलक लेख हो। क्रमिक रूपमा प्राज्ञिक लेख रचना, पुस्तक तथा राजनीतिक दस्तावेजहरूको अध्ययनबाट तार्किक ढङ्गले अनुसन्धानको रचनात्मक अवधारणा (Constructivist Approach) मा आधारित  यस अनुसन्धानले नेपाली समाजका विद्यमान नवमार्क्सवादी दृष्टिकोणलाई प्रयोगात्मक रूपमा व्याख्या गरिएको छ।

## साहित्यको पुनरावलोकन

### नवमार्क्सवाद

१९७० को दशकबाट नव मार्क्सवादी विचारकहरूले मार्क्सवादको शास्त्रीय मान्यता भन्दा भिन्न ढङ्गले बहस अगि बढाए। उनिहरूले पुँजीवादको बदलिदो स्वरूप र चरित्रको व्याख्या गरी मार्क्सवादको शास्त्रीय मान्यता भन्दा समाजको विद्यमान परिस्थितिका अनुभवजन्य वास्तविकता (Empirical Realities) मा जोड दिनुपर्ने कुरा अगि सारे। खासगरी विश्वव्यापी कम्युनिष्ट घोषणा पत्र (Communist Manifesto) मा पुँजीपति र सर्वहारा २ वर्ग(Class) को मात्र व्याख्या भएकोमा मध्यम वर्ग (Middle class) को बाक्लो उपस्थिति र पुँजीपति वर्गसँगको संर्घषमा निर्णायक भूमिका हुने यर्थततालाई नवमार्क्सवादी विचारकहरूले उजगार गरे (Carchedi 1975; Poulantzas 1975a; Wright 1976)। शास्त्रीय मार्क्सवादले उत्पादनका साधनहरूमाथि बुर्जुवा वर्गको नियन्त्रण भएको उत्पादन सम्बन्ध (Base) हुँदा त्यही वर्गले आफ्नो हित अनुकूलको उपरिसंरचना (Superstructure) निर्धारण गर्दछ। अतः उपरिसंरचनामा परिवर्तन ल्याउन उत्पादनका साधनमाथि श्रमजीवि वर्गको हित अनुकुलको सामुहिक स्वामित्व

भएको उत्पादन सम्बन्ध स्थापित गर्नु पर्दछ भन्ने कुरालाई जोड दिन्छ (Sapkota, 2021) । तर २१औं शताब्दीको बर्तमान परिवेशमा उल्लेखित मार्क्सवादी वर्गीय सिद्धान्त (Class theory) ले व्याख्या गरेअनुसार उत्पादन सम्बन्धमा आएको परिवर्तनले मात्र उपरिसंरचना परिवर्तन नहुने र उपरिसंरचनामा विविध कारणले आएको परिवर्तन समेतले समेत आधार (Base) लाई प्रभाव पार्ने तर्क ग्राम्सी लगायतका नवमार्क्सवादी सिद्धान्तहरूले तर्क गरेका छन् । पहिलो पुस्ताका मार्क्सवादी विचारकहरूले तत्कालीन समाजको विद्यमान परिस्थितिलाई मध्यनजर गरी निर्माण गरेको वर्गीय सिद्धान्त(Class Theory) ले अहिलेको नव उदारवादले नेतृत्व गरिरहेको विश्व पुँजीवादका कारण सृर्जित वर्ग र स्तरिकरणका स्वरूप (Forms of Class and Stratification) को पहिचान र व्याख्या–विश्लेषण गर्न असमर्थ छ। त्यसैले वर्ग (Class) अहिले 'Zombie category' (पहिले सान्दर्भिक तर अहिले असान्दर्भिक हुँदा समेत समाजशास्त्रीहरूले आत्मसाथ गरिरहेको श्रेणी) को रूपमा रहेको छ (Beck, 2002)।

नव मार्क्सवाद मार्क्सवादकै समय सान्दर्भिक निरन्तरता हो। यसले मार्क्सवादको जगमा टेकेर समकालीन पुँजीवादको व्याख्या गर्दै मार्क्सवादी विचारलाई थप परिस्कृत गर्दछ (Neilson, 2018)।

### अन्तरविरोध

मार्क्सवादको दृष्टिकोण र दर्शन द्वन्द्वात्मक भौतिकवाद हो। प्रत्येक वस्तु, घट्ना वा विचारमा द्वन्द्वात्मक अन्तर्सम्बन्ध रहेको कुरा मार्क्सवादले स्विकार गर्दछ। जनवादी व्यवस्थामा पनि अर्थतन्त्र, संकृति र समाज भित्र पनि अनिवार्य रूपमा द्वन्द्व हुन्छ, अतः द्वन्द्व सार्वभौम नियम नै हो (UML Political Report, 1996)। यही द्वन्द्वात्मक भौतिकवादी नियमानुसार समाजका विद्यमान अन्तर्विरोधहरूको पहिचान गर्नुपर्दछ।

### जनवाद

समाज विकासको नियमअनुसार समाज सँधैभरी एकै किसिमको शासन व्यवस्थामा रहिरहन सक्दैन, उत्पादक शक्तिको विकास र उत्पादन सम्बन्धमा आउने परिवर्तनसँगै समाजको शासन व्यवस्था पनि बदलीनछ। सोही नियमअनुसार उत्पादक शक्तिको विकासबाट उत्पादन सम्बन्धमा आएको परिवर्तनका कारण सामन्तवाद कमजोर बन्न पुग्दछ त्यस्तो अवस्थामा सामन्तवाद विरोधी शक्तिहरूको नेतृत्वमा सामन्तवादी समाज व्यवस्था बिघटित भएर स्थापित हुने राजनीतिक व्यवस्थालाई नै जनवादको रूपमा बुझ्ने गरिन्छ।

भुसाल (२०११) का अनुसार जनवादको स्थापना हुँदा कुन शक्तिको नेतृत्वमा स्थापना भयो भन्ने आधारमा जनवादलाई दुई प्रकारले हेर्ने गरिन्छ :

### पुरानो जनवाद

पुँजीवादी युगको सुरूवाती चरणमा सामन्तवाद विरोधी क्रान्तिको नेतृत्व पुँजीपति वर्गले गरेको थियो, त्यसरी पुँजीपति वर्गले नेतृत्व गरेर स्थापना हुन पुगेको जनवाद नै पुरानो जनवाद हो । यस्तो किसिमको जनवादका प्रमुख विशेषताहरू भनेको लोकतन्त्र, आवधिक निर्वाचन, प्रेस स्वतन्त्रता, मानव अधिकार आदि हुन् तर पुरानो जनवादका यी र यस्ता विशेषताहरूलाई पुँजीपति वर्गले आफ्नो वर्गको हित रक्षाका निम्ति मात्र प्रयोग गऱ्यो साथै पुरानो जनवाद पुँजीवादी बाटो हुँदै नव उदारवाद र साम्राज्यवाद तर्फ उन्मुख भयो।

### नौलो जनवाद

सामन्तवादसँग सङ्घर्ष गरिरहेको पुँजीपति वर्ग त्यो बेला सामन्तवादसँग गठजोर गर्न पुग्यो जव श्रमजीवी वर्गको नेतृत्वमा रूसी अक्टुबर क्रान्ति सम्पन्न भयो साथसाथै उसलाई आफूले उत्पादन गरेका मालहरू बेच्न र आफ्नो साम्राज्य विस्तार गर्न सामन्ती राज्य व्यवस्था भएको समाज अत्यन्त सहज हुने भयो। यसरी पुँजीपति वर्ग सामन्त वर्गसँग मिल्न पुगेपछि पुँजीपति वर्गको नेतृत्वमा सामन्तवाद विरोधी क्रान्तिको सम्भावना समाप्त भयो र श्रमजीवी वर्गले नै सामन्तवाद विरोधी क्रान्तिको नेतृत्व गर्ने जिम्मेवारी पूरा गर्नुपर्ने अवस्था सृजना भयो। अर्कोतिर साम्राज्यवादी शोषण–दमन र उत्पीडनका विरूद्ध सङ्घर्ष गर्नुपर्ने जिम्मेवारी त श्रमजीवी वर्गसँग छदै नै थियो। यसरी श्रमजीवी वर्गको नेतृत्वमा सामन्तवाद र साम्राज्यवाद दुवैका विरूद्ध क्रान्ति गरेर स्थापना गरिने शासन व्यवस्थालाई नै नौलो जनवाद भन्ने गरिन्छ । उपर्युक्त दुईखाले जनवादका बीच मुख्य गरेर निम्नप्रकारका भिन्नताहरू रहेका छन् :

(१) पुरानो जनवादमा पुँजीपति वर्गको नेतृत्व हुन्छ र त्यसले मुख्यतः पुँजीपति वर्गकै हितमा काम गर्दछ भने नयाँ जनवादमा सर्वहारा श्रमजीवी वर्गको नेतृत्व हुन्छ र यसले मुख्यगरी श्रमजीवी वर्गको हितमा काम गर्दछ।

(२) पुरानो जनवादले सामन्तवादको मात्रै विरोध गर्दछ भने नयाँ जनवादले सामन्तवाद र साम्राज्यवाद दुवैको विरोध गर्दछ।

(३) पुरानो जनवादको अर्थव्यवस्था निजी स्वामित्वमा आधारित हुन्छ भने नयाँ जनवादको अर्थव्यवस्था राजकीय, सामुदायिक र निजी स्वामित्व एवम् सहकारितामा आधारित हुन्छ।

(४) पुरानो जनवादले वर्ग समन्वयको बाटो अवलम्बन गर्दछ भने नयाँ जनवादले वर्गसङ्घर्षको बाटो अवलम्बन गर्दछ।


(५) 'पुरानो जनवाद प्रजातान्त्रिक समाजवाद' भन्दै पुँजीवादको चरम विकासतर्फ अगाडि बढ्दछ भने नयाँ जनवाद वैज्ञानिक समाजवादको दिशामा अगाडि बढ्दछ।

## विश्लेषणात्मक छलफलहरू

### नेपाली क्रान्तिका चरणहरू


कुनै पनि समाजमा सामाजिक परिवर्तनको प्रक्रिया मात्रात्मक र गुणात्मक ढङ्गले विभिन्न चरण र उपचरणहरू पार गर्दै अगि बढ्दछ । समाजमा जब सम्म आधारभूत अन्तरविरोधहरूको सामाधान हुँदैन तबसम्म नयाँ चरणको शुरूवात हुँदैन। आधारभूत अन्तरविरोधको सामाधान हुनुपूर्व विभिन्न उपचरणहरूमा वस्तुगत परिस्थितीमा हुने फेरबदल सँगै प्रधान अन्तरविरोधहरू पनि समयानुसार फेरबदल भइ नै रहन्छन। परिस्थितीमा आएको परिवर्तनसँगै क्रान्तिका रूप र तरिकामा पनि फेरवदल भई नै रहन्छ र रहुनु समेत पर्दछ।

नेपाली क्रान्तिको प्रक्रिया अगि बढ्ने क्रममा जनवादी क्रान्ति अन्तर्गतका तिन ओटा उपचरणहरू पार गर्दै नेपाली समाज अहिले चौथो उपचरणको आरम्भमा छ । पार गरी सकेका तीन चरणहरूमा राणा शासनको अन्त्य, पञ्चायती व्यवस्थाको अन्त्य र राजतन्त्रको अन्त्य हुन । यी प्रत्येक उपचरणमा आ–आफ्नै वस्तुगत विशेषता, चरित्र र त्यस अन्तर्गतका भिन्ना भिन्नै अन्तरविरोधहरू थिए । ती उपचरणका विभिन्न अन्तरविरोधहरू मुलतः शान्तिपूर्ण ढङ्ले हल हुँदै अहिले चौथो उपचरण लोकतान्त्रिक गणतन्त्रको प्रारम्भमा छ। यो उपचरण पार नगरी समाजवादी व्यवस्थामा फड्को मार्न सकिदैँन किनकि क्रान्ति सम्पन्न हुनको लागि प्रयाप्त वस्तुगत आधार तयार हुनु पर्दछ । वस्तुगत आधार एवम् तयारी विनाको मनोगत हतार भनेको उग्रवादी चिन्तन र अन्ततः विसर्जनवाद हो।




चित्र नं. १: नेपाली समाज विकासका चरणहरू

नेपाली श्रमजीवी जनताले समाजवादी क्रान्ति सम्पन्न गर्नको लागि यही चौथो उपचरण अर्थात लोकतन्त्रिक गणतन्त्र मात्र पार गर्नु पर्ने हो वा अन्य उपचरणहरू पनि पार गर्नु पर्दछ भन्ने कुरा भविष्यमा उत्पन्न हुने प्रधान अन्तरविरोध र अन्य अन्तरविरोधका स्वरूप र ती अन्तरविरोध समाधान गर्ने विधि, तरीका र समयमा भर पर्दछ। बर्तमान अवस्थामा नेपाली समाज पुँजीवादी राजनीतिक क्रान्तिलाई लोकतान्त्रिक गणतन्त्र मार्फत संस्थागत गर्ने चरणमा छ। यो संस्थागत गर्ने काम नयाँ संविधान निर्माण गरेर सम्पन्न भयो र विद्यमान अन्तरविरोधलाई उपयुक्त ढङ्गले सामधान गर्न सकिएमा यही लोकतान्त्रिक गणतन्त्र अन्तर्गत रहेर लोकतान्त्रिक प्रतिस्पर्धाबाट नै श्रमजीवी वर्गको हितमा अधिकतम काम गर्दै जनवादी व्यवस्थाको सुदृढीकरणमार्फत समाजवादी चरणमा प्रवेश गर्न सकिनेछ । जनवादी व्यवस्थाको सुदृढीकरण समाजवादको संक्रमणकालीन चरण हो, जहाँ समाजवादको लागि आवश्यक सम्पूर्ण वस्तुगत तयारी पुरा गर्नु पर्दछ। वर्तमान लोकतान्त्रिक गणतन्त्रमार्फत नैं जनवादी व्यवस्थाको सुदृढीकरणको चरणमा संक्रमण गर्न सकिन्छ। यसकालागि विद्यमान अन्तरविरोधहरूलाई उपयुक्त ढङ्गले हल गर्दै अगि बढ्नु पर्दछ।




चित्र नं. २: नेपाली समाजवादी क्रान्तिका चरणहरू

नेपाली क्रान्तिको पहिलो चरणमा सामन्ती राज्यसत्ताका कारण समाजमा वर्षौं देखिको शोषण, उत्पीडन, विभेद, अन्याय र अत्याचार व्याप्त रहेको हुँदा त्यस्ता शोषणका सम्पूर्ण रूपहरूका विरूद्ध क्रान्तिलाई केन्द्रित गर्नु पर्ने र यसरी सामन्तवादलाई सम्पूर्ण रूपमा निस्तेज गरिसके पछि क्रान्तिको दोस्रो चरणमा परनिर्भर र परमुखि राष्ट्रिय अर्थतन्त्रको विद्यमान अवस्थालाई स्वावलम्वी र आत्मनिर्भर बनाउन केन्द्रित हुनुपर्ने साथै आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास गरिसकेपछि मात्र समाजवादका लागि आवश्यक तयारी गर्दै अगि बढ्नु पर्नेछ (Bhandari, 1992)। यसर्थ क्रान्तिको वर्तमान चरण भनेको नेपाली समाजमा विद्यमान सामन्तवादका सम्पूर्ण शोषणका रूपहरूलाई अन्त्य गर्दै आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्ने चरण हो।

**नेपाली क्रान्तिका विद्यमान अन्तरविरोधहरू**

मार्क्सवादको द्वन्द्वात्मक भौतिकवादी नियमानुसार कुनै पनि वस्तु वा घटना भित्र दुई विपरीत तत्वहरू रहेका हुन्छन् तिनीहरू एक आपसमा अन्तरर्क्रिया गर्दछन् अर्थात अन्तरसम्बन्धित हुन्छन् । त्यही वस्तु वा घटनाहरू भित्रको अन्तरसम्बन्ध वा अन्तरक्रिया नै अन्तरविरोध हो । अन्तरविरोधमा दुई विपरीत तत्वहरू रहेका हुन्छन् त्यसमा एक नयाँ र अर्को पुरानो, एक अग्रगामी र अर्को पश्चगामी । तिनीहरू बीचको अन्तरक्रियाले वस्तु वा घट्ना भित्र गति उत्पन्न हुन्छ, त्यो गतिले उक्त वस्तु वा घटनामा परिवर्तन आइ त्यसको विकास या प्रगति हुन पुग्दछ। यसरी हेर्दा विकास वा प्रगतिको आधारभूत तत्व भनेको त्यस वस्तु वा घटना भित्रको अन्तरविरोध नै हो। कुनै पनि वस्तुको परिवर्तन र विकास निरन्तर रूपमा स्वभाविक प्रक्रियाबाट आफै हुने गर्दछ तर अग्रगामी वा प्रगतिशिल तत्वलाई थप बल प्रदान गरियो भने परिवर्तन तथा विकासको दरमा तीव्रता आउन सक्दछ। अतः सामाजिक क्रान्ति पनि छिटो सम्पन्न गर्नको लागि परिवर्तनको प्रगतिशिल शक्तिलाई थप वल प्रदान गर्न र परिवर्तनको बाधक तथा पश्चगामी शक्तिको गतिलाई निस्तेज पार्न अन्तरविरोधको पहिचान गर्नु पर्दछ।

क्रान्ति समाजको उन्नति, प्रगति, विकास र समृद्धिकोलागि हुन्छ अतः विद्यमान समाजको प्रगतिशील परिवर्तनका वाधक अन्तरविरोध नै क्रान्तिको अन्तरविरोधहरू हुन् । क्रान्तिका अन्तरविरोधहरू विद्यमान समाजको अवस्था र चरणहरू पिच्छे फरक फरक हुन्छन्। क्रान्तिका अन्तरविरोधहरू सदाकाल एउटै देख्नु जडसुत्रीय यान्त्रिकवाद हो। मानवीय चेतना, विज्ञान, प्रविधि एवम् उत्पादन सम्बन्ध तथा शोषणका रूपहरूमा आउने निरन्तर परिवर्तनको कारण समाज गतिशिल भई नै रहन्छ । समाजको गतिशिलता सगँसगैँ त्यस समाजको आर्थिक, सामाजिक, साँस्कृतिक तथा राजनीतिक क्षेत्रमा समेत निरन्तर परिवर्तन भई रहन्छ जब समाजका विभिन्न क्षेत्रहरूमा निरन्तर मात्रात्मक परिवर्तन हुदै समाजले गुणात्मक फड्को मार्दछ तब समाजमा नयाँ व्यवस्थाको अभ्युदय हुन पुग्दछ, त्यसैलाई हामी समाजको नयाँ चरण मान्दछौ। त्यस्तो सामाजिक व्यवस्थालाई उत्पादन सम्बन्धको विशेषताका आधारमा नामाकरण गर्दछौ । त्यस किसिमको नयाँ सामाजिक व्यवस्थामा क्रान्तिका अन्तरविरोधहरू पनि बदलिन्छन्।

क्रान्तिमा प्रधान अन्तरविरोध र गौण अन्तरविरोधहरू रहन्छन्, त्यसैगरी समाजका विभिन्न क्षेत्रहरूमा भिन्नाभिन्नै अन्तरविरोधहरू रहेका हुन्छन्। समाजको कुन कुन क्षेत्रमा कुन कुन अन्तरविरोध प्रधान छ भन्ने विश्लेषण नगरिँदा प्रहार गर्नु पर्ने निशानामा अन्यौलता सृजना हुन पुग्दछ र क्रान्तिले सहि दिशा लीन सक्दैन परिणामतः क्रान्ति विसर्जनवादमा पुगेर टुङ्गिने खतरा समेत उत्पन्न हुन्छ।

नेपाली समाज अहिले लोकतान्त्रिक गणतन्त्रको चरणमा छ, यो जनवादी व्यवस्था सुदृढीकरणको चौथो उपचरण हो । यस अगि राणा शाषणको अन्त्य, निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य र राजतन्त्रको अन्त्य गरी ३ वटा उपचरणहरू पुरा भई सकेका छन्। यी प्रत्येक चरणहरूमा क्रान्तिका अन्तरविरोधहरू फरक फरक थिए ती चरणका अन्तरविरोधलाई नेपाली श्रमजीवी पक्षीय क्रान्तिमार्फत उपयुक्त ढङ्गले हल गर्दै अहिले नेपाली समाज लोकतान्त्रिक गणतन्त्रको चरणमा छ। यो चरणमा नेपाली समाजवादी क्रान्तिका वर्तमान समयका विद्यमान अन्तरविरोधहरूको यहाँ व्याख्या विश्लेषण गर्ने प्रयास गरिएको छ।

**अन्तराष्ट्रिय राजनीतिक अन्तरविरोध : साम्राज्यवाद**

पुँजीवादको राजनीतिक चरित्र साम्राज्यवाद हो । यसले विश्वमा नवउदारवादी आर्थिक नीति मार्फत आफ्नो पुँजीवादी अस्तित्व र प्रभाव कायम राखी आफ्नो साम्राज्य फैलाउनकालागि दक्षिणी ध्रुवीय क्षेत्र (Global south) का सरकार र राजनीतिक पार्टीहरूलाई प्रत्यक्ष र परोक्ष ढङ्गले राजनीतिक हस्तक्षेप गरिरहन्छ। किनकी पुँजीवादीहरु कुनै पनि देशमा श्रमजीवी वर्गीय पार्टीहरूलाई हरसम्भव सत्तामा जान दिदैनन् र सत्तामा गएका पार्टीहररूलाई लामो समय टिक्न दिदैनन् साथै श्रमजीवी वर्गको पक्षमा नीति निर्माण गर्न दिदैनन्। त्यसैगरी आर्थिक सहायताको नामबाट त्यस्ता देशहरूमा आफ्नो प्रभाव र नियन्त्रण कायम राखिरहन्छन् । यो काम आज विश्व साम्राज्यवादको नेतृत्व गरी रहेको अमेरिकाले कुनै देशमा प्रत्यक्ष ढङ्गले गर्दै आएको छ भने कुनै देशमा परोक्ष ढङ्गले गर्दै आएको छ। जसलाई विश्का अन्य पुँजीवादी देशहरूले समेत साथ सहयोग र सर्मथन गर्दै आइरहेका छन्।

नेपालको राजनीति विश्व साम्राज्यवाद र क्षेत्रीय साम्राज्यवादबाट प्रभावित छ। दक्षिण एसियाली क्षेत्रको सन्दर्भमा विश्व साम्राज्यवादको नेतृत्व अमेरिका र क्षेत्रीय साम्राज्यवादको नेतृत्व भारतबाट अनेक ढङ्गले शोषण र हस्तक्षेप भइरहेकै छ। यो शोषण र हस्तक्षेपबाट नेपाललाई मुक्त नबनाए सम्म नेपाल स्वतन्त्र, आत्मनिर्भर, स्वावलम्वी र समृद्ध राष्ट्र बन्न सक्दैन र नेपाली क्रान्ति विद्यमान अवस्थाबाट समाजवादमा सङ्क्रमण गर्न सक्दैन । अतः नेपाली समाजवादी क्रान्तिको अन्तराष्ट्रिय राजनीतिक

अन्तरविरोध क्षेत्रीय साम्राज्यवाद र विश्व साम्राज्यवादसँग छ। विश्व सम्राज्यवाद र क्षेत्रीय साम्राज्यवादका सबै खाले शोषण र हस्तक्षेपका रूपहरूलाई अन्त्य गर्दै अगि बढ्नु पर्ने स्थितिमा अहिले नेपाली क्रान्ति रहेको छ।

नेपाली समाजवादी क्रान्तिको माध्यमबाट अन्तराष्ट्रिय राजनीतिक अन्तरविरोधको हल गर्दा आम नेपाली जनतालाई साम्राज्यवादको शोषण र हस्तक्षेपको बारेमा सचेत बनाउँदै नेपालको आन्तरिक एकतालाई सुदृढ बनाउनु पर्दछ किनकि जबसम्म आन्तरिक एकता सुदृढ हुदैन तबसम्म साम्राज्यवादीहरूले अनेक बहानामा हस्तक्षेप गर्ने मौका पाउँदछन्, अतः नेपाली राष्ट्रियता प्रति इमान्दार भएका शक्तिसँग राष्ट्रिय स्वाधिनताका सम्बन्धमा एकता कायम गर्दै जानु पर्दछ साथै पञ्चशीलका सिद्धान्तका आधारमा विदेश नीति तय गर्दै प्रत्येक राष्ट्रले स्वतन्त्र रूपमा आफ्नो सार्वभौम सत्ता प्रयोग गर्न पाउने सिद्धान्तको व्यवहारिक कार्यन्वयन गर्नु पर्दछ र इतिहासमा अपमानजनक ढङ्गले भएका विभिन्न सन्धि सम्झौताहरू खारेज गर्नु पर्दछ।

**सामाजिक साँस्कृतिक अन्तरविरोध : सामन्तवाद**

नेपाली समाजको धर्म, संस्कृति र परम्परामा ठूलो विविधता पाइन्छ। विविध संस्कृति र परम्परा नै नेपाली मौलिकता बनेको छ तर सबै संस्कृति र परम्पराहरूमा विभिन्न कुरीती, कुसंस्कार र अन्धविश्वास व्याप्त छ, त्यसैले नेपाली समाजले आफूलाई द्रुततर गतिमा रूपान्तरण गर्न सकेको छैन।

नेपाली समाजका अधिकांश मानिसहरू कुनै न कुनै धार्मिक आस्थामा बाँधिएका छन्। अलौकिक शक्ति माथि विश्वास गर्दछन्। मानिसको जीवनमा मात्र होइन प्रकृति र समाजमा घट्ने घटनामा समेत अलौलिक शक्तिको हात रहने कुरालाई स्वीकार गर्दछन्। मानिसको जीवनमा घट्ने हरेक सुखदायी तथा दुःखदायी घटनाको कारक भाग्यलाई मान्दछन्। कानुनी रूपमा छुवाछुतलाई दण्डनीय बनाएको ६० वर्षसम्म पनि नेपाली समाजमा छुवाछुत प्रथा कायमै छ। अन्तरजातीय विवाहलाई अहिले पनि नेपाली समाजले सहज रूपमा स्वीकार गर्दैन। दुर्गम ग्रामीण भेग होस् वा विकसित सहर धामी–झाँक्री जस्तो अन्धविश्वास प्रति समेत मानिसहरूको विश्वास व्याप्त छ। बोक्सी, छाउपडी तथा झुमा जस्ता कुप्रथाहरूका कारण अझ पनि नेपाली महिलाहरू प्रताडित भईरहेका छन्। समाजमा अन्य जातका मानिस भन्दा ब्राह्माण तथा पण्डितहरू प्रति जातकै कारणले मानिसहरूको विशेष आदार र सम्मान पाइन्छ। राज्यको कानुन भन्दा धार्मिक विधि र नियमहरू समाजमा प्रभावकारी छन्। समाजमा व्यक्तिवादी चिन्तन हावी छ। जन्म, मृत्यु र विवाह जस्ता जीवनका महत्त्वपूर्ण घटनासँग जोडिएका संस्कारहरूमा जकडिएका कुरीती, कुसंस्कार, विकृति र विसंगतिका कारण मानिसको अत्याधिक श्रम, समय र पुँजीको खर्च भईरहेको छ।

सामन्तवादी संस्कार र चिन्तनका कारण धनि किसानसँग भएको पूँजिको ठुलो हिस्सा अनुत्पादक क्षेत्रमा भोग विलासका लागि मात्र खर्च हुने गरेको छ भने साना किसानले जेनतेन बचत गरेको पुँजी पनि जन्म, मृत्यु, विवाह, पास्नी, वर्तवन्ध र झण्डै महिनै पिच्छे आउने चाडपर्वहरूमा अनावश्यक रूपमा खर्च भईरहेको छ, जसले गर्दा बचत पुँजीलाई उत्पादन मूलक क्षेत्रमा लाग्न दिएको छैन र बिस्तारित पुँजीको रूपमा विकास हुन दिएको छैन। पुँजीको विकास र विस्तार नहुन्जेल राष्ट्रिय अर्थतन्त्र आत्मनिर्भर र स्वावलम्वी हुन सक्दैन। पुँजीवादी समाजमा पुँजीको विकास र विस्तार तीब्र रूपमा हुने गर्दछ तर नेपाली समाजमा पुँजीको विकास र विस्तारको गतिलाई आन्तरीक रूपमा यही सामाजिक–साँस्कृतिक क्षेत्रमा रहेको सामन्तवादले समेत छेकिरहेको छ।

नेपाली समाजका यी सम्पूर्ण सामाजिक तथा सांस्कृतिक पक्षहरूको विश्लेषण गर्दा सामाजिक सांस्कृतिक क्षेत्रमा सामन्तवाद व्याप्त रहेको कुरा पुष्टि गर्न सकिन्छ। त्यसैले नेपाली क्रान्तिको सामाजिक सांस्कृतिक अन्तरविरोध सामन्तवादसँग छ। नेपालमा पछिल्लो समयमा भएको राजनीतिक परिवर्तनले राजनितीक रूपमा सामन्तवादको मुल नेतृत्वको अन्त्य गरेतापनि सामाजिक सांस्कृतिक क्षेत्रको सामन्तवादलाई निस्तेज गर्न सकेको छैन। जबसम्म सामन्तवादको प्रभावलाई कमजोर बनाउन सकिँदैन तबसम्म आम जनतालाई कुरीती र कुसंस्कारबाट छुट्याएर उत्पादनमा लगाउन सकिँदैन। जबसम्म आम जनतालाई उत्पादनमा लगाउन सकिँदैन तबसम्म राष्ट्रले आर्थिक सम्वृद्धि हाँसिल गर्न सकिदैन।

सामाजिक परिवर्तन र रूपान्तरणको प्रक्रियामा बाधा सिर्जना नगर्ने केही मौलिक संस्कृति र परम्परालाई बचाउनु र संरक्षण गर्नु जरूरी छ, तर आम मानिसलाई उत्पादन क्षेत्रमा लाग्नबाट वञ्चित गरी उत्पादक शक्तिको विकास र प्रक्रियामा बाधा सिर्जना गर्ने कुरीती र कुसंस्कारलाई अन्त्य गर्न जरूरी छ। यसले उत्पादक शक्तिको विकासमा अवरोध सिर्जना गरी दलाल पुँजीवादलाई समेत पक्षपोषण गरेको छ, जसले स्वाधिन र राष्ट्रिय अर्थतन्त्रको विकास गर्न नदिई विकास र समृद्धिमा बाधा सिर्जना गर्ने भएकाले नेपाली समाजको सामाजिक, सांस्कृतिक क्षेत्रमा रहेको सामन्तवादको अन्त्य गर्नु जरूरी छ।

नेपाली क्रान्तिको बर्तमान चरण भनेको सामन्तवादका सम्पूर्ण रूपहरूलाई अन्त्य गर्ने चरण हो तर सामाजिक साँस्कृतिक क्षेत्रमा व्याप्त विद्यमान सामन्तवादलाई अन्तरविरोधको रूपमै नदेखेर नेपाली समाजको विश्लेषण गर्न पुगियो र त्यसका विरूद्ध अभियान केन्द्रित गरिएन भने नेपाली समाजको रूपान्तरणले गति लीन सक्दैन, समाजवादको आधार तयार हुन सक्दैन, सामन्तवादलाई संस्थागत रूपमै संरक्षण गर्न लागि परिरहेका दक्षिणपन्थी राजनीतिक शक्तिलाई समेत थप बल पुग्नेछ र प्रतिक्रान्तिको खतरा समेत रहनेछ। यो अन्तरविरोधको हल गर्न सर्वप्रथम पुरानो सामन्ती राज्य सत्ता तथा बर्तमान दलाल पुँजीवादी राज्य सत्ताले जवरजस्त सृजना गरेको समाजिक–साँस्कृतिक 'Hegemony' का विरूद्ध वैचारिक सङ्घर्ष गरी श्रमजीवि पक्षीय जनताको आचरण, व्यवहार, संस्कार र चिन्तनमा आमुल परिवर्तन गरी सचेतना अभियान सञ्चालन गर्नुपर्दछ । साथै विविध प्रगतिशिल कानुनको निर्माण र त्यसको प्रभावकारी कार्यान्वयनबाट समेत नेपाली समाजको सामाजिक साँस्कृतिक अन्तरविरोधको हल गर्नुपर्दछ।

**वर्गीय/आर्थिक अन्तरविरोध : भुमण्डलीय नवउदारवाद/दलाल पुँजीपति वर्ग**

वर्गीय समाजमा दुई वर्गहरू रहन्छन् एक शोषक र अर्को शोषित वर्ग, एक उत्पिडक र अर्को उत्पिडित वर्ग (Marx, 1867) । उत्पादन सम्बन्धमा आउने परिवर्तन अनुरूप विभिन्न सामाजिक व्यवस्थाका चरणहरू पिच्छे शोषक वर्गले गर्ने शोषणको रूप र तरिकामा भने भिन्नता हुन्छ। जस्तो कि दास युगमा दास र मालिकको विचमा अन्तरविरोध हुन्छ, त्यहाँ मालिकले दास माथि गर्ने शोषण प्रत्यक्ष थियो। मालिकले दासहरूलाई किनबेच गर्ने र आफूले भने अनुरूप दासलाई श्रम गर्न बाध्य पार्दथ्यो यहाँ शोषित वर्ग माथि शोषक वर्गको प्रत्यक्ष नियन्त्रण रहेको थियो। त्यसैगरी सामन्ती व्यवस्थामा सामन्त वर्गले श्रमजीवी किसान वर्गलाई दास युगमा जस्तो प्रत्यक्ष शोषण नगरी जग्गा जमिन कमाउन दिएर उत्पादनको निश्चित हिस्सा लिएर अप्रत्यक्ष ढङ्गले शोषण गर्दछ, साथै पुँजीवादी व्यवस्थामा उद्योग मालिकले मजदुरलाई कारखानामा श्रम गर्न बाध्य बनाई अझ अप्रत्यक्ष ढङ्गले अतिरिक्त मूलयको सिद्धान्त अनुरूप नाफा आर्जन गरी श्रमको शोषण गर्दछ।


शास्त्रीय मार्क्सवादी सिद्धान्त अनुसार कम्युनिष्टहरूको अन्तिम लक्ष्य भनेको वर्ग विहिन समाजको निर्माण गर्ने भएकाले वर्गीय अन्तरविरोध कम्युनिष्ट आन्दोलनको सवै भन्दा महत्त्वपूर्ण आधारभूत अन्तरविरोध हो जसले राज्यको उपरिसंरचना निर्धारण गर्दछ। तर एन्टोनियो ग्राम्सी लगायतका नव–मार्क्सवादी सिद्धान्तहरूले वर्गको साथसाथै सामाजिक, साँस्कृतिक, वैचारिक तथा राजनीतिक कारणहरूले पनि श्रमजीवी वर्गलाई समेत भुलभुलैयामा पारी क्रान्तिको गतिमा बाधा सृजना गर्ने सिद्धान्त प्रस्तुत गरेका छन् । यद्यपी क्रान्तिका अन्य अन्तरविरोध जस्तै वर्गीय अन्तरविरोध पनि एक महत्त्वपुर्ण अन्तरविरोध हो।

वर्तमान नेपाली समाज व्यवस्थाको चरण कार्लमार्क्सले व्याख्या गरे जस्तो समाज विकासका चरणहरूसँग मेल खाने चरित्रको छैन सामन्ती व्यवस्था र पुँजीवादी व्यवस्थाको विचको सङ्क्रमणकालीन व्यवस्थाको रूपमा रहेको छ। उत्पादन सम्बन्धका आधारमा विश्लेषण गर्ने हो भने वर्तमान नेपाली समाज पुँजीवादी चरित्रको नै पाइन्छ तर त्यो स्वाधिन र राष्ट्रिय पुँजीवादी नभएर दलाल पुँजीवादी चरित्रको रूपमा रहेको छ। ए.जी.फ्राङ्क, समिर अमिन तथा इमान्युअल वालरस्टेन जस्ता नवमार्क्सवादी विचारकहरूबाट प्रस्तुत "परिनिर्भरता तथा विश्व प्रणाली" सिद्धान्तले भने अनुसार तेस्रो विश्वका देशको कच्चापदार्थ तथा श्रमशक्ति केन्द्र भागमा रहेका पुँजीवादी देशहरूले नवउदारवादको सहारामा सस्तोमा खरिद गरी शोषण गरिरहेका छन् र निरन्तर परनिर्भर बनाइरहेका छन् । भुमण्डलीय नवउदारवादलाई विश्व अर्थतन्त्रका ठेकेदार IMF, WTO र विश्व बैंकले प्रत्यक्ष संरक्षण र विस्तार गरिरहेका छन्।

यसरी हेर्दा नेपाली क्रान्तिको आर्थिक अन्तरविरोध भुमण्डलीय नवउदारवादसँग रहेको कुरा पुष्टि गर्न सकिन्छ। भुमण्डलीय नवउदारवादले नेपालको अर्थतन्त्रलाई समेत आत्मनिर्भर र स्वाभिमानी हुन दिएको छैन, यसले देश भित्र दलाल पुँजीपति वर्गको विस्तार गरिरहेको छ। दलाल वर्ग विना जोखिम पुँजीवादी देश र बहुराष्ट्रिय कम्पनीबाट उत्पादित वस्तु तथा सेवा नेपाली उपभोक्तालाई बिक्री गरी दलाली कार्य मार्फत सजिलो रूपमा नाफा आर्जन गरिरहेको छ। राष्ट्रिय पुँजीपति वर्ग समेत दलाल पुँजीपति वर्गमा रूपान्तरित हुने क्रम बढिरहेको छ, यो कुरा देशको लागि निकै खतराको विषय हो। यस्तो अवस्थामा दलाल पुँजीपति वर्गसँग लड्नको लागि राष्ट्रिय पुँजीपति वर्ग तत्कालीन अवस्थामा नेपाली क्रान्तिको सहयोगीका रूपमा रहेकोले यो वर्गको संरक्षण गर्नुपर्ने अवस्था सृजना भएको छ। अतः नेपाली क्रान्तिको बर्गीय अन्तरविरोध दलाल पुँजिपति वर्गसँग रहेको छ। यो अन्तरविरोधको हल नहुँदा सम्म राष्ट्रिय पुँजीपति वर्गसँगको अन्तरविरोध गौण रूपमा रहन्छ। दिगो स्थिर सरकारमार्फत प्राकृतिक श्रोत र साधनको उच्चतम परिचालनबाट आत्मनिर्भर र स्वावलम्वी अर्थतन्त्रको निर्माण गर्दै उत्पादक शक्तिको अधिकतम विकासबाट दलाल पुँजीपति वर्गसँगको यो अन्तरविरोध हल गर्न सकिनेछ।

**नेपाली समाजको उत्पादन पद्धती**


प्रत्येक समाजको चरित्र उक्त समाजमा विद्यमान उत्पादन सम्बन्धले नै निर्धारण गर्दछ। नेपाली समाजको विद्यमान उत्पादन सम्बन्धलाई विश्लेषण गर्ने हो भने पुँजीवादी उत्पादन सम्बन्ध नै पाइन्छ तर त्यो पुँजीवाद विस्तारित नभएर विश्व भूमण्डलीय नवउदारवाद मार्फत पुँजीवादको पक्षपोषण गर्ने व्यापारीक पुँजीवाद अर्थात दलाल पुँजीवादको रूपमा विकसित भईरहेको छ। तर नेपाली समाजको सामाजिक साँस्कृतिक विशेषता र आर्थिक रूपमै पनि अवशेषको रूपमा रहेका केही विशेषताहरूका आधारमा उत्पादन सम्बन्ध अर्ध सामन्ती छ भन्ने तर्क पनि नेपाली वामपन्थी विचारकहरूले गर्ने गरेका छन्।




चित्र. नं. ३: सामन्ती उत्पादन पद्धति

सामन्ती उत्पादन पद्धती अर्न्तगत उत्पादनको प्रमुख साधन भनेको भूमि नै हुने गर्दछ। जमिन्दारको कव्जामा अथाह जमिन रहेको हुन्छ र त्यस्तो जमिनमा किसानहरूबाट गरिने श्रम बाध्यात्मक हुन्छ। किसानहरूले शारिरीक श्रम मार्फत प्रसस्त अनाज उत्पादन गर्दछन् र जमिन्दारलाई बुझाउँदछन् जस मध्येको केही अनाज बाँच्नका लागि मात्र किसानले प्राप्त गर्दछ र ठूलो मात्राको अतिरिक्त अनाज जमिन्दारले विनिमय मार्फत विलासी जीवन बिताउँन प्रयोग गर्दछ। यसरी सामन्ती उत्पादन पद्धतीमा अतिरिक्त नाफा (अनाज) पुनः नाफा कमाउनका लागि प्रयोग हुदैन, त्यो नाफा जमिन्दारले विलासी जीवन जीउनका लागि प्रयोग गर्ने गर्दछ र मुलतः पुर्नउत्पादनका लागि प्रयोग गर्दैन।

आज नेपाली समाजमा जमिनको वितरणमा असमानता छ तर अधिकांश परिवारको आफ्नै निजी स्वामित्वमा धेरथोर जमिन छ। किसानले जमिनमा गर्ने श्रम बाध्यात्मक छैन। अर्को महत्त्वपूर्ण कुरा के हो भने आज आम नेपालीहरूको आम्दानीको श्रोत के हो ? जीवन धान्न आवश्यक पर्ने पुँजीको कमाई कहाँबाट भईरहेको छ ? के त्यो पुँजी जमिनमा श्रम गरेर आर्जन गरेको अनाजको विनिमयबाट मात्र प्राप्त भईरहेको छ त ? छैन। जमिनमै श्रम गरेर प्राप्त हुने पुँजी पनि आनाजको रूपमा होइन, गैरकृषि क्षेत्रका मजदुरहरूले जसरी ज्याला प्राप्त गर्दछन् त्यसरी नै कृर्षी क्षेत्रका मजदुरले ज्याला प्राप्त गरिरहेका छन्। त्यसैगरि, सामन्ती उत्पादन पद्धति भएको समाजमा राज्यको राजस्वको प्रमूख श्रोत भूमिकर हनेगर्छ तर आज राजस्वमा भूमिकरको योगदान मात्र २० प्रतिशतको हाराहारी छ र राष्ट्रिय राजस्वमा लगभग ८० प्रतिशत योगदान भन्सार, भ्याट, अन्तःशुल्क र आयकरको छ। यसरी हेर्दा नेपाली समाजको उत्पादन पद्धति सामन्ती छैन। त्यसो भए के नेपाली समाजको उत्पादन सम्बन्ध पुँजीवादी हो त ? यस सम्बन्धमा छोटो चर्चा गरौं।





चित्र. नं. ४: पुँजीवादी उत्पादन पद्धति

पुँजीवादी उत्पादन पद्धतिमा पुँजीपति वर्गले आफूसँग भएको पुँजी प्रयोग गरेर व्यापक रूपमा बस्तु तथा सेवाको उत्पादन गर्दछ। पुँजीपति वर्गले यसरी उत्पादन गरेको बस्तु तथा सेवा बजारमा बेचेर बचेको अतिरिक्त नाफा (पुँजी) पुनः अर्को नयाँ क्षेत्रमा थप पुँजी वृद्धि गर्ने प्रयोजनका लागि लगानी गर्दछ। यसरी पुँजीवादमा पुँजीको निरन्तर वृद्धि र विस्तार हुने हुन पुग्दछ। प्राकृतिक श्रोत र साधनको उच्चतम उपयोग भई व्यापक रोजगारीका अवसरहरू सृजना हुन पुग्दछन र उत्पादक शक्तिको चरम विकास हुने गर्दछ।

यसरी माथि उल्लेखित सामन्ती उत्पादन पद्धति र पुँजीवादी उत्पादन पद्धतिको विश्लेषण गर्दा वर्तमान नेपाली समाजमा सामन्ती उत्पादन सम्बन्ध कतै देख्न सकिदैन भने पुँजीवादी उत्पादन सम्बन्धको पनि विकास भएको पाईदैन । नेपाली समाजको सन्दर्भमा माथिको पुँजीवादी उत्पादन पद्धति अर्न्तगतको चित्र अनुसार अतिरिक्त नाफा (पुँजी) थप नाफा वृद्धिका लागि पूनः लगानी भएर पुँजीको वृद्धि र विस्तार निरन्तर हुनु पर्नेमा अवरोध उत्पन्न भएको छ र पुँजीवादी उत्पादन प्रणालीको चक्रले पूर्णता पाउन सकेको छैन। यस्तो किन भइरहेको छ त ? विश्व साम्राज्यवादको राजनीतिक संरक्षणमा भूमण्डलीय दलाल पुँजीवादको चरम आर्थिक शोषण (विकासशील राष्ट्रबाट कच्चा पदार्थ र श्रम शक्ति सस्तोमा खरिद गर्ने र त्यसबाट उत्पादित वस्तु तथा सेवा त्यही राष्ट्रको बजारमा महङ्गोमा बेच्ने) बाट नेपाली समाजले सामन्ती उत्पादन सम्बन्ध छोडे पनि विस्तारित

पुँजीवादको रूपमा विकसित हुन सकिरहेको छैन । यहाँको पुँजीवाद व्यापारीक पुँजीवादको रूपमा विकास भएको छ । व्यापारीक पुँजीवादको चरित्र दलाल हुने हुँदा यसलाई दलाल पुँजीवाद पनि भन्न सकिन्छ । त्यसैले नेपाली समाजको विद्यमान आर्थिक चरित्र उत्पादन सम्बन्ध र उत्पादन पद्धतिका आधारमा दलाल पुँजीवादी छ, जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :




चित्र नं. ५: दलाल पुँजीवादी उत्पादन पद्धती

**नेपाली समाजवाद**

अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा समाजवाद निर्माणका सन्दर्भमा विभिन्न मतभेदहरू रहँदै आएका छन् । अक्टुवर समाजवादी क्रान्ति भए पश्चात् सोभियत संघ र पूर्वी यूरोपका मूलुकहरूमा जुन खालको समाजवाद निर्माण गरियो र त्यस कालमा राज्यसत्ताको संचालन जसरी गरियो, त्यसमा जनताको प्रत्येक्ष सहभागिता र निर्णायक भूमिका रहेन । सर्वहारा वर्गको अधिनायकत्वको नाममा एउटा मात्र कम्युनिष्ट पार्टी र अफ त्यसका केही निश्चित नेताहरूको स्वेच्छाचारी शासन जनतामा थोपर्ने कार्यले राम्रो गरेन। सबैतिर राज्यको नियन्त्रण हुनु, जनताप्रति उत्तरदायी हुनुपर्ने व्यवस्था कतै पनि नहुनु, जनतालाई दिइएको भनिएका अधिकारको निर्वाध रूपमा उपभोग गर्न पाउने वातावरण नहुनु, समाजवाद निर्माण र राज्यसत्ता संचालनका सन्दर्भमा जनताको अभिमत प्रकट हुन पाउने व्यवस्था नहुनु, शक्तिको अति केन्द्रीकरण हुनु, नियन्त्रण र सन्तुलनको व्यवस्था नहुनु र श्रमजीवी वर्गको भनिएको राज्यसत्तामा त्यस वर्गले नियन्त्रण गर्ने त कुरै छाडौं सरोकार राख्न पनि नसक्ने अवस्था हुनु जस्ता व्यवहारले समाजवाद निर्माणको सवाललाई आम जनतासँग प्रत्यक्ष सम्बन्धित सवाल हुनबाट टाढा राख्ने काम भयो, जसले गर्दा सत्तरी वर्षसम्म चलेको समाजवादको एउटा रूप टिक्न सकेन र जनताले त्यसलाई टिकाउनका निम्ति कुनै चासो पनि देखाएनन्। मार्क्सवादको सिर्जनात्मक प्रयोग तथा नयाँखाले जनवादी व्यवस्थाको निर्माण र परिचालका सन्दर्भमा पनि अनेक प्रकारका अनुभवहरू प्राप्त भएका छन् । एकातर्फ पेरिस कम्युनको विद्रोह, अक्टुवर समाजवादी क्रान्ति र पूर्वी यूरोपका मूलुकमा भएका क्रान्तिका अनुभव छन् भने अर्को तर्फ चीन, कोरिया, भियतनाम, क्युवा, कम्बोडिया आदि मूलुकमा भएका क्रान्तिका अनुभव पनि छन् । बर्मा, थाइल्याण्ड फिलिपिन्स आदि मूलुकमा कम्युनिष्ट आन्दोलनले भोगेको धक्का पनि अन्तराष्ट्रिय कम्युनिष्ट आन्दोलनका महत्त्वपूर्ण अनुभव हुन् । नेपाली बामपन्थी आन्नदोलनको शुरूआत नै लोकतान्त्रिक आन्दोलनको रूपमा भएको थियो र त्यसले निरन्तर रूपमा निरङ्कुशतन्त्रका विरूद्ध सङ्घर्ष गर्नुका साथै शुरूदेखि नै चुनावी राजनीतिमा समेत सामेल भएर त्यसको माध्यमद्वारा परिवर्तनकारी विचारलाई जनतामाफ पुऱ्याउने सफलता प्राप्त गर्दै आएको छ (Bhusal, 2011)।

नव मार्क्सवादी विचारधारा अनुसार परिवर्तनशिल समाजका तत्कालीन अनुभव तथा परिस्थितिजन्य वास्तविकतालाई मध्यनजर गरी सोहि आधारमा पुँजीवाद र नवउदारवादले सृजना गरेका विभेद, शोषण र असमनताका विरूद्ध अल्पकालीन र दिर्घकालीन रणनीति तय गरी समाजवाद सम्म पुग्न सकिन्छ। अतः नेपाली समाजवाद निर्माणको लक्ष्य पुरा गर्नकोलागि नेपाली क्रान्तिका लक्ष्यलाई न्युनतम र उच्चतम लक्ष्य गरी दुई चरणमा विभाजित गर्न सकिन्छ।

**न्युनतम लक्ष्य : उत्पादनशील पुँजीवाद**

माथि उल्लेख गरिए अनुसार नेपाली समाजको विद्यमान दलाल पुँजीवादी उत्पादन सम्बन्धमा आमूल परिवर्तन गरी राष्ट्रिय तथा उद्यमशिल पुँजीको विकास गर्दै श्रमजीवी वर्गको उत्पादन सम्बन्ध भएको समाजिक आर्थिक व्यवस्था कायम गर्नु नेपाली क्रान्तिको न्युनतम लक्ष्य वा कार्यक्रम हुनु पर्दछ, यो कार्यक्रम शास्त्रिय मार्क्सवादी तथा लेनिनवादी अधिनायकवादको बाटोबाट नभइ लोकतान्त्रिक प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्दै श्रमजीवि जनताको पक्षमा अधिकतम हितकारी कार्य गरी राजनीतिक, आर्थिक, सामाजिक तथा साँकृतिक क्षेत्रमा रहेका अन्तरविरोहरूलाई शान्तिपूर्ण ढङ्गले हल गर्दै पुरा गर्न सकिन्छ।

**दिर्घकालीन लक्ष्य : समाजवाद**

नेपाली क्रान्तिको अधिकतम लक्ष्य भनेको समाजवाद हो । राष्ट्रिय तथा उद्यमशिल पुँजीको अधिकतम विकास गर्दै जनवादी व्यवस्थाको सुदृढीकरण भएको लामो समय पछि मात्र समाजवादका लागि आवश्यक पृष्ठभूमि तयार हुन पुग्दछ र समाजवादी कार्यक्रम लागु गर्न सकिन्छ । यस कार्यक्रमका आधारभूत मान्यता भनेको उत्पादनका मुख्य साधन तथा सार्वजनिक श्रोत र सम्पतिको अधिकतम सामाजिकीकरण मार्फत संस्थागत र सामुहिक स्वामित्व

स्थापित गरी असमानता, विभेद र शोषणको अन्त्यको लागि विश्व पुँजीवाद र नवउदारवादको संरक्षणमा पुरातनवादी राज्य सत्ताले स्थापित गरेको ज्भनभफयलथु का विरूद्ध वौद्धिक तहबाट समेत अभियान सञ्चालन गरी श्रमजीवी जनताको समाजवादी लोकतन्त्रको स्थापना गर्नुपर्दछ । जनवादी व्यवस्थाले वस्तुगत परिस्थितीको विकाससँगै जनतालाई पुरातनवादी चिन्तनबाट माथि उठाउदै लोकतान्त्रिक विधि र प्रक्रियाद्वारा समाजवादका लागि तयार पार्नु पर्दछ तव मात्र समाजवादी कार्यक्रम लागु गर्न सकिन्छ। नेपाली समाजवाद आफ्नै विशिष्टताका आधारमा विकास गरी लागु गरिनुपर्दछ ।

## निष्कर्ष

नव मार्क्सवादी विचारधारा अनुसार पुँजीवादले शोषण र उत्पिडनका नयाँ नयाँ तौर तरिकाहरू अपनाई रहेकोले कम्प्युनिष्ट आन्दोलन शास्त्रीय मार्क्सवादी ढाँचाबाट मात्र अगि बढ्दा विश्व श्रमजीवी वर्गले मुक्ती प्राप्त गर्न नसक्ने भएकोले पनि मार्क्सवादका आधारभुत मूलय मान्यतालाई आत्मासाथ गर्दै नयाँ ढङ्गबाट सङ्घर्ष गर्नुपर्ने परिस्थितीको सृजना भएको छ।

मार्क्सवाद मुलतः युरोपको तिव्र औद्योगीकीकरण भइरहेका सन्दर्भमा औद्योगिक सर्वहारा मजदुर वर्गमाथि भएको शोषणलाई नै मुख्य आधार मानेर त्यो वर्गको मुक्तिकालागी मूल रूपमा केन्द्रित छ । नेपाल लगायत दक्षिणी विश्व (Global south) को हालको विद्यमान अवस्थालाई मध्यनजर गर्ने हो भने शोषण र विभेदको मूलजड आर्थिक मात्र नभएर सामाजिक साँस्कृतिक, राजनितिक कारणहरू समेत मूल रूपमा जिम्मेवार छन् । सामाजिक, साँस्कृतीक र राजनीतिक रूपले हुने शोषण र विभेदलाई एकाधिकार विश्वपुँजीवादको संरक्षणमा नव उदारवादले भुमण्डलीकरणको माध्यामबाट विश्वव्यापी रूपमा मलजल गरिरहेको छ । नवउदारवादले विश्वव्यापी रूपमा सृजना गरेको शोषण र विभेदका जडहरूलाई भत्काउँदै राष्ट्रिय विस्तारित अर्थतन्त्रको स्थापना गर्नु नेपाल लगायत दक्षिणी विश्व (Global south) को वामपन्थी आन्दोलनको मुख्य कार्यभार हो । नेपाली समाजवादी ढाँचा तयार गर्दा शास्त्रीय मार्क्सवादले परिकल्पना गरेको समाजवाद भन्दा समकालीन विश्वमा विकसित भएका नवमार्क्सवादी सिद्धान्तहरू, अन्तराष्ट्रिय कम्युनिष्ट आन्दोलनबाट प्राप्त अनुभवहरू र विभिन्न समाजवादी देशहरूले विकास गरेका असल अभ्यासहरूलाई समेत मध्यनजर गरी नेपाली विशेषता सहितको समाजवादी ढाँचाको विकास गर्नु पर्दछ।

सोभियत संघको विघटन पछि युरोपमा सर्वहारा वर्गको अधिनायकत्वलाई परित्याग गरी नागरिकको स्वतन्त्रता, शान्तिपूर्ण सहअस्तित्व र पुँजीवादी लोकतन्त्रको मूलय मान्यताको उपयोगलाई आत्मासाथ गरी युरो साम्यवाद (Euro Communism) को विकास गरेको पाइन्छ । युरो कम्युनिज्मको विकास गरी यसलाई संस्थागत गर्न वर्नस्टिन कार्लकाउत्स्की र रोजा लक्जेवर्ग जस्ता विद्वानहरूको योगदान रहेको छ । नेपाली वामपन्थी आन्दोलनले उठान गरी हासिल गरेका उपलब्धिहरू र युरो कम्युनिजमका धेरै कुराहरूमा समानता पाइन्छ तर वर्ग विहिनतालाई व्यवाहारिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने भन्ने मूल प्रश्न हो । युरो कम्युनिजमले वर्गविहिनतालाई अस्वीकार गरेको छ भने नेपालको सन्र्दभमा अन्य विभेदसँगै वर्गीय विभेदलाई क्रमश घटाउँदै लामो अभ्यासमार्फत वर्ग विहिन समाजवादी ढाँचाको तय गर्नुपर्दछ । समाजवादी कार्यक्रम लागु गर्नु भन्दा अगाडि जनवादी व्यवस्थाको सुदृढीकरणको चरणमा राष्ट्रिय पुँजीको व्यापक विकास र विक्तार गर्न सफल चिनियाँ मोडेल (राज्य नियन्त्रित खुला बजार व्यवस्था) को प्रयोगमार्फत विद्यमान अर्न्तविरोधहरूलाई हल गर्दै श्रमजीवी पक्षीय कानुनको निर्माण र त्यसको प्रभावकारी कार्यन्वयनबाट समाजवाद सम्म पुग्न सकिन्छ।

## सन्दर्भ सामग्रीहरू


Beck, U., (2002). Zombie categories: Interview with Ulrich Beck. In: Beck U and Beck-Gernsheim E(eds). *Individualization*. London: SAGE, pp. 213–224

Bhandari, M. (1992). *Multi-party democracy (JABAJA)*, UML central office, Kathmandu, Nepal.

Bhusal, B., (2011). *Philosophical assumptions of JABAJA*, Bhusal publication: Kathmandu, Nepal.

Carchedi, G. (1975). Reproduction of social class at the level of production relations. Economy and Society 4(4): 361–417.

Marx K., (1976b [1867]). Capital Volume 1: Introduced by Ernest Mandel (trans. B Fowkes). Harmondsworth: Penguin Books.

Neilson, D., (2018). In-itself for-itself: Towards second-generation neo-Marxist class theory. *Capital & Class*, 42(2), 273-295.

Political report, (1996). *5th political report of UML*, Madannagar Balkhu, Kathmandu, Nepal.

Poulantzas, N., (1975a). *Classes in Contemporary Capitalism (trans. D Fernbach)*. London: New Left Books.Wright, E.O.(1976) Class boundaries in advanced capitalist societies. New Left Review 98: 3–41

Sapkota, M. (2021). Nature of the State: Marxist Critique and its Divergences in Contemporary World. *Asian Journal of International Affairs*, 1(1), 99-117.